# कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३ (प्रथम संशोधन, २०७३)

वन विभागद्वारा संचालित सम्पुर्ण कार्यक्रम कार्यान्वयन गर्न तयार गरिएको **कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३** मा देहाय बमोजिम हुने गरी संशोधन गरिएको छ ।

## वृक्ष सुधार, वृक्षारोपण तथा निजी वन कार्यक्रम

### ३.१०. सामाजिक परिचालक तयारी कोचिङ तथा परिचालन

यसमा देहाय बमोजिम हुने ;

वन दशक कार्यक्रम संचालन गर्न सहयोग पुऱ्याउन कार्यक्रम संचालन भएका प्रत्येक गाविस को हकमा १ जना र नगरपालिकाको हकमा कुनै दुई वडामा एक जना सामाजिक परिचालक राख्न सकिनेछ । विगत वर्षहरुमा नै कार्य संचालन भै रहेको गाविस वा नगरपालिकामा नै चालु आ.व. मा समेत कार्य संचालन गनुपर्ने अवस्था भएमा नयाँ गाविस वा नगरपालिकाछनोट गरी कार्यक्रम लैजान आवश्यक हुने छैन । तथापि नया गाविस/न.पा. मा विस्तार गर्नुपर्ने अवस्थामा विगतका दुई वर्षसम्म संचालनमा रहेका गाविस/न.पा. मा राखिएका सामाजिक परिचालकलाई  हटाई नया विस्तार गरिएको स्थानमा नया सामाजिक परिचालक नियुक्ति गरि कार्य संचालन गनुपर्नेछ । जिल्ला वन समन्वय समितिले छनौट गरेका गाविस वा नगरपालिकाका कुनै दुई वडा लाई आवश्यक परेको अवस्थामा पुन छनौट गर्न सकिनेछ । छनौट गरिने सामाजिक परिचालक सम्बन्धित गाविस/नगरपालिकाका बासिन्दा भई कम्तीमा दश कक्षा पास गरेको हुनुका साथै सकभर विपन्न, दलित, महिला तथा यस अघि वनक्षेत्रसँग सम्बन्धित कार्य गरेका अनुभवी व्यक्तिहरु (जस्तै नर्सरी नाइके, वन हेरालु, अग्नि संरक्षण हेरालु, स्थानीय स्रोत व्यक्ति आदि) लाई प्राथमिकता दिइनेछ । यस कार्यक्रममा प्रति सामाजिक परिचालकको लागि पारिश्रमिक स्वरुप प्रति महिना रु.५,०००।- (पाँच हजार) र फिल्ड गियर जस्तै साईकल, लोगो सहितको हाफ ज्याकेट, जुत्ता, टोपी, छाता वा वर्षादी, पोशाक आदिको व्यवस्था गरिएको छ । नयाँ सामाजिक परिचालक भर्ना गर्नु नपर्ने अवस्थामा कार्यरत सामाजिक परिचालकहरुलाई फिल्ड गियर शिर्षक अन्तर्गत साइकल मर्मत, पोसाक, छाता, जुत्ता, झोलामा औचित्यको आधारमा केही रकम खर्च गर्न सकिनेछ । यसरी खर्च गर्दा यस

शिर्षकमा विनियोजित सबै रकम खर्च गर्न मिल्ने छैन । सामाजिक परिचालकले निम्नानुसारको काम गर्नेछन्:

- वन तथा वातावरण सम्बन्धी जनचेतना गराउने,
- प्रजाति र संख्या अनुरुप विरुवाको माग संकलन गर्ने,
- विरुवा उत्पादनको नियमित निरीक्षण गर्ने र सम्झौता अनुसार विरुवा उत्पादन भए नभएको जाँचबुझ गरी सोको नियमितरुपमा इलाका वन कार्यालयमा प्रतिवेदन पेश गर्ने,
- विरुवा वितरणको लगत राख्ने,
- वृक्षारोपण गर्ने स्थल तयार गर्न सिकाउने/लगाउने,
- वितरित विरुवाको सही उपयोग भए नभएको जाँच गर्ने,
- विरुवा वितरण गर्ने बेलामा नै वृक्षारोपण गर्ने तरिका सिकाउने,
- वृक्षारोपण गर्ने स्थलमा सकभर उपस्थित भै विरुवा रोप्ने तरिका सिकाउने,
- वृक्षारोपणस्थलको समय समयमा निरीक्षण गरी मरेका/बाँचेका विरुवाको लगत राख्ने र सो को एक प्रति इलाका वन कार्यालयमा पेश गर्ने,
- जिल्ला वन कार्यालय वा मातहतका निकायले समय समयमा लगाए अह्राए बमोजिमका अन्य कार्य गर्ने ।

सामाजिक परिचालकलाई काम खटाउनु अघि निम्नानुसारको तालिम दिइनेछ :

- वन तथा वातावरणको महत्व एवं अन्तरसम्बन्ध,
- नर्सरी स्थापना तथा विरुवा उत्पादन सम्बन्धी सामान्य ज्ञान,
- वृक्षारोपण गर्ने तरिका,
- नर्सरी रजिष्टर राख्ने तरिका,
- जग्गा विकास सम्बन्धी ज्ञान,
- बाँचेका विरुवाको गणना गर्ने तरिका,
- प्रतिवेदन लेखन आदि ।

### ३.११ वन सामाजिक परिचालकलाई अभिमुखीकरण तालिम

यसमा देहाय बमोजिम हुने ;

यो तालिम क्षेत्रीय वन तालिम केन्द्रसँग समन्वय गरी पाठ्यक्रम तयार गरी सम्बन्धित जिल्लामा वा तालिम केन्दमा संचालन गर्न सकिनेछ । तालिम पाठ्यक्रममा वन सामाजिक परिचालकलाई आवश्यक पर्ने सबै विषय समावेस गरिनु पर्छ र आवश्यकता अनुसार स्थलगत अभ्यास गराउनु पर्दछ । एक मात्र सामाजिक परिचालक भएको जिल्लाहरुले पायक पर्ने क्षेत्रीय वन तालिम केन्द्रसँग समन्वय गरी एकै स्थानमा तालिम गर्ने व्यवस्था मिलाउनु पर्दछ । सबै जना पुराना सहजकर्ता मात्र भएमा छोटो अवधिका सीप विकासका तालिमहरु संचालन गर्न सकिनेछ । यसका साथै गाविस सचिव, सहयोगी संघसंस्था समेतलाई सानो अवधिको तालिम दिनु परेमा यसैमा विनियोजित वजेट रकमबाट खर्च गर्ने गरी कार्यक्रम संचालन गर्न सकिनेछ ।

### ३.३५ कुश्मानगर प्राकृतिक तथा साँस्कृतिक सम्पदा संरक्षण कार्यक्रम (अन्य)

कुश्मानगर भित्र रहेका सामुदायिक वन, सार्वजनिक जग्गा, सरकारी कार्यालय परिसर, सडक छेउ, मठमन्दिर परिसर जस्ता स्थानहरुमा सामुदायिक वन उपभोक्ता समुह, नगरपालिका, नागरीक समाज, गैरसरकारी संस्था सँगको समन्वय र सहकार्यमा सौन्दर्यबर्द्धक रुखहरु रोपी हरियाली प्रबर्द्धन, वातावरण संरक्षण र पर्या-पर्यटनलाई सहयोग पुग्ने कार्यक्रम सञ्चालन गर्ने । साथै सांस्कृतिक सम्पदाहरुको संरक्षण एवं मर्मत संभार तथा उक्त स्थानहरुसम्म पुग्ने गोरेटो बाटोहरु समेत मर्मत गर्न सकिनेछ ।

## वन्यजन्तु संरक्षणका लागि क्षेत्रीय सहयोग प्रबर्द्धन आयोजना

### ६.४ मानव वन्यजन्तु द्वन्द व्यवस्थापन सहयोग तथा सहजीकरण

यसमा देहाय बमोजिम हुने ;

यस क्रियाकलापमा विनियोजित रकम मानव वन्यजन्तु द्वन्द व्यवस्थापन सम्बन्धी केन्द्रीय तथा फिल्ड स्तरमा गोष्ठि तालिम, अध्ययन अनुसन्धान, प्रचार प्रसार आदिमा खर्च गर्ने तथा जिल्लाबाट माग भई आएमा हिंस्रक वन्यजन्तु व्यवस्थापन कार्यका लागि रकम उपलब्ध गराउन सकिने छ ।

## भूकम्पबाट प्रभावित जिल्लाहरुमा पुननिर्माण कार्यक्रम ( राष्ट्रिय पुननिर्माण प्राधिकरण कोष )

### १. भूकम्प प्रभावित सामुदायिक वन पुनर्स्थापना तथा व्यवस्थापन (हार्भेष्टिङ र सुरक्षा उपकरण समेत)

रेडियोबाट सुचना प्रकाशन गरी भूकम्प प्रभावित कम्तीमा ३ वा सोभन्दा बढी सामुदायिक वनहरु छनौट गरी उक्त सामुदायिक वनमा पुनर्स्थापनाका क्रियाकलापहरु जस्तै वृक्षारोपण, गोडमेल लगायतका क्रियाकलापहरु गर्ने । यस शीर्षकमा विनियोजित रकमबाट सामुदायिक वन व्यवस्थापनका लागि वन संबर्धन तथा सुरक्षा उपकरणहरु खरिद गर्न सकिने ।

### २. काठ/पोल सिजनिङ्ग तथा उपचार संयन्त्र स्थापना/व्यवस्थापन तथा गुणस्तर सुधार कार्यक्रम

- जिल्ला वन कार्यालयले पत्रिका, सार्वजनिक जनसम्पर्कका कार्यालयमा १५ दिने सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्ने ।
- इच्छुक व्यवसायी, उद्यमी, सहकारी, तथा सामुदायिक वन समूहले प्रकाशित सूचना वमोजिम व्यावसायिक योजना सहित, प्लाण्ट स्थापना गर्ने क्षेत्रको चारकिल्ला सहित प्रस्ताव जिल्ला वन कार्यालयमा पेश गर्ने ।
- प्राप्त प्रस्तावहरुको नियमानुसार मूल्याङ्कन गरी उपयुक्त प्रस्तावको छनौट गर्ने । प्रस्तावहरुको मूल्याङ्कन गर्दा कच्चा पदार्थ उपलब्धताको सुनिश्चितता, लाभप्रद व्यावसायिक योजना, प्रस्तावकले कुल लगानीको न्यूनतम २० प्रतिशत वा सो भन्दा बढी लगानी गर्ने प्रस्ताव हुनु पर्ने ।
- कार्य संचालन गर्न प्रथम किस्तामा ७५ प्रतिशत र अन्तिम प्रतिवेदन प्राप्त भएपश्चात वांकि २५ प्रतिशत रकम अनुदान स्वरुप भुक्तानी गर्ने ।
- कार्य सम्पन्न भएपछि प्रगतिमा निम्न कुराहरु समावेस गरिनुपर्नेछ :
  - ✓ प्लाण्ट संचालन गर्ने समूह, व्यक्ति, सहकारीको नाम,
  - ✓ स्थापना गरिएको प्लाण्टको फोटो,
  - ✓ लागत रकम,

- ✓ रोजगारी सिर्जना (श्रमदिन),
- ✓ प्लाण्टको अवस्थिति, जग्गाको कि.नं., जि.पि.एस. लोकेशन ।

**३. भूकम्प पीडितहरुको लागि काठ उत्पादन, आपूर्ति र व्यवस्थापन निर्देशिका, २०७२ कार्यान्वयन**

भूकम्प पीडितहरुको लागि काठ उत्पादन, आपूर्ति र व्यवस्थापन निर्देशिका, २०७२ मा भएको समितिको बैठक, गोष्ठि तथा अन्य विभिन्न स्थलगत अवलोकन भ्रमणका लागि यस क्रियाकलापमा विनियोजन भएको रकम खर्च गर्न सकिने ।

**४. आय आर्जन कार्यक्रम**

भूकम्प प्रभावित क्षेत्रको सामुदायिक वन छनौट गरी त्यस्ता सामुदायिक वनका प्रभावित सदस्यहरुलाई विभिन्न आयआर्जनका क्रियाकलापहरु संचालन गर्नका लागि सम्झौता गरी अनुदानको रुपमा रकम उपलब्ध गराउने । यसमा Green Recovery (हरित पुनर्स्थापना) लाई सहयोग पुग्ने गरी लौठसल्ला, ओखर, अम्लिसो लगायतका अन्य गैरकाष्ठ वन पैदावार उत्पादन गर्ने प्रजाति तथा आर्थिक तथा वातावरणीय समृद्धिका लागि बहुउपयोगी रुख विरुवा खेती गर्ने ।